# आ.व. आ.व.२०८२/०८३ को लागि विस्तृत बजेट तथा कार्यक्रम

मिति:२०८२/०३/२९

सभाध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरु,

नेपालको संविधान, २०७२ मा तीन तहको सरकार मध्ये स्थानीय सरकारले बार्षिक बजेट ल्याउनु पर्ने तोकिएको कानुनी व्यवस्थामा अनुरुप नै ऐसेलुखर्क गाउँपालिकाले आ.व.२०८२/०८३ को लागि मिति २०८२ साल असार १० गते **रु. ४९ करोड ७० लाख ९३ हजार ८८** मात्रको अनुमानित बजेट  सार्वजनिक गरेको कुरा यहाँहरु सबैलाई अवगत नै छ।प्रस्तुत गरिएको उक्त बजेटमा ऐसेलुखर्क गाउँकार्यपालिकाबाट आ.ब.२०८१/०८२ मा सञ्चालित योजना तथा कार्यक्रमहरुको भुक्तानी एकिन भै नसकेकोले अ.ल्या. हुन आउने बजेट समाबेश गर्न सकिएको थिएन। हाल आएर आ.व.२०८२/०८३ का लागि ऐसेलुखर्क गाउँकार्यपालिकाको संचित कोषमा संचित रहने अ.ल्या रकमलाई समावेश गरी ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि **रु. ५४ करोड ५५ लाख ७५ हजार** मात्रको शंसोधित बजेट पारितको लागि यस सम्मानित सभा समक्ष पेश गर्दछु । जसमा चालु तर्फ ३३ करोड ७६ लाख २६ हजार पूँजिगत तर्फ र २० करोड ७९ लाख ४९ हजार अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय तथा सभाका सदस्य ज्यूहरु,

ऐसेलुखर्क गाउँपालिकाले हालै निर्माण सम्पन्न गरेको १५ शैयाको अस्पतालमा निकै ठूलो बजेट साझेदारी गर्नुपर्ने बाध्यात्मक अवस्था साथै १५ शैया अस्पतालको बोलपत्र आब्हान हुँदा नै छुट भएको तर भवनलाई पूर्णता दिन गर्नै पर्ने थप कामको लागि गरिएको पुनः बोलपत्र आब्हानबाट गाउँपालिकालाई पर्न गएको थप दायित्व, लिदिङ खोला पक्की पुल सम्पन्न गर्न आबश्यक पर्ने निकै ठूलो रकम र प्रदेश सरकार साथै संघिय सरकारसँगको समपुरक कोषसँगको साझेदारी र अन्य साझेदारी साथै

गाउँपालिकाको स्काभेटरको लागि आवश्यक इन्धन लगायतमा बजेटको निकै ठूलो हिस्सा विनियोजन हुन गएको हुँदा विषयगत शाखाका कार्यक्रम र आम नागरिकले माग गरेका अति आवश्यकीय योजना कार्यक्रममा मध्ये थोरैमा मात्र बजेट विनियोजन गरिएको कुरा अबगत गराउँन चाहान्छु । ऐसेलुखर्क गाउँपालिकाले गाउँपालिकाको केन्द्रबाट प्रत्येक वडामा पुग्ने गाउँपालिकाका गौरवका सडकहरुलाई गाउँपालिकाले आफ्नै स्काभेटरबाट थप विस्तार र स्तरोन्नती गरीनेछ र आवश्यकताका आधारमा प्राथमिकतामा राखी थप ग्रामीण सडकहरु समेत निर्माण, विस्तार र स्तरोन्नती गरिनेछ भने यस बजेटबाट विनियोजन भएका सडकहरुको निर्माण कार्य समेत गाउँपालिको स्काभेटरबाट गरिने कुरा अवगत गराउन चाहान्छु ।

यस बर्ष माग आएका तर बजेट अभावमा सम्बोधन गर्न नसकिएका अति आवश्यकिय कार्यक्रम तथा योजनाहरुलाई आगामी बर्षमा पहिलो प्राथमिकतामा राखिने पनि विश्वास दिलाउन चाहान्छु।साथै सय सरकार र प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान तोकिएकै योजना तथा कार्यक्रममा सञ्चालन हुने कुरा समेत जानकारी गराउन चाहान्छु ।

**सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,**

अब म श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले विभिन्न क्षेत्र र वडाहरुलाई बजेट सिमा तोके बमोजिम सबै वडा समितिबाट पारित भै आएका साथै गाउँपालिकाका विषयगत समिति र सबै शाखाबाट प्राप्त सुझाव र माग समेतलाई समावेश गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार भएको र गाउँ कार्यपालिका बैठकबाट पारित गरिएको विस्तृत कार्यक्रमहरु तथा विनियोजित रकम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

....................................................................................................

## बजेट विवरण

अन्तमा माथि प्रस्तुत कुल अनुमान र विस्तृत विनियोजन सहितको ऐसेलुखर्क गाउँपालिकाको विनियोजन विधेयक, २०८२ र ऐसेलुखर्क गाउँपालिकाको आर्थिक विधेयक, २०८२ यस सम्मानित सभाबाट पारित हुने कुरामा विश्वस्त हुदै यो बजेट तथा कार्यक्रम पूर्ण कार्यान्वयनमा सहयोगको अपेक्षा सहित यहाँहरु सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै विदा चाहान्छु ।

धन्यवाद !